# विद्यालय समायोजन तथा दरबन्दी मिलान कार्यविधि, २०७७

## पहिलो संशोधन २०७९

**कार्यपालिकाबाट स्वीकृत मिति: २०७९।०५।२३**

बुद्धभूमि नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
हनुमानचोक, बुड्ढी, कपिलवस्तु
लुम्बिनी प्रदेश, नेपाल

बुद्धभूमि नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
हनुमानचोक, बुद्धी, कपिलवस्तु
लुम्बिनी प्रदेश, नेपाल

# विद्यालय समायोजन तथा दरबन्दी मिलान कार्यविधि, २०७७ लाई संशोधन गर्न बनेको कार्यविधि, २०७९

नगर कार्यपालिकाबाट स्वीकृत मिति: २०७९/०५/२३

**प्रस्तावना:** नेपालको संविधान २०७२ को धारा २२१, अनुसूची ८ ले दिएको अधिकार तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ को उपदफा (२) (१) को (ज) को बुँदा नं. ११ र १२ मा भएको व्यवस्था तथा बुद्धभूमि नगरपालिकाको शिक्षा ऐन, २०७६ को दफा ९ र २४ लाई कार्यान्वयन गर्न ऐनको दफा ६४ बमोजिम बुद्धभूमि नगर कार्यपालिकाको बैठकले विद्यालय समायोजन तथा दरबन्दी मिलान कार्यविधि, २०७७ लाई सहयोग गर्न आवश्यक देखिएकोले यो कार्यविधि संशोधन गरिएको छ।

## परिच्छेद-१

१. संक्षिप्त नाम र प्रारम्भ:- (१) यस कार्यविधिको नाम" विद्यालय समायोजन तथा दरबन्दी मिलान कार्यविधि, २०७७ लाई संशोधन गर्न बनेको कार्यविधि, २०७९ रहेको छ।
(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. मूल कार्यविधिको परिच्छेद ५ को दफा ११ को उपदफा (१) मा व्यवस्था भएको निम्न वाक्यांश हटाई निम्न वाक्यांश थप गर्ने।

"२०७६ को Flash Report दोस्रो र २०७७ को Flash Report प्रथमको सट्टा अघिल्लो शैक्षिक सत्रको Flash Report दोस्रो र चालु शैक्षिकको Flash Report प्रथम।"

केशव कुमार श्रेष्ठ
नगर प्रमुख